# जिल्ला समन्वय समितिको कार्यालय,सुर्खेत

**वीरेन्द्रनगर**

**६ नं. प्रदेश,नेपाल**

**नदीजन्य पर्दाथको उत्खनन् गरी बीक्रि वितरण तथा आन्तरिक निकासी गर्ने कार्याको बालपत्र आव्हान सम्बन्धी सूचना**

**(राजधानी राष्ट्रिय दैनिकमा  प्रथमपटक प्रकाशित मिति २०७४/४/२९ )**

नेपाल सरकार (सचिव स्तर) को मिति २०७४/०१/१९ को निर्णय बमोजिम यस सुर्खेत जिल्ला समन्वय समिति (जिसस)ले तोकिएको नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ निकाली जिससले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७३/७४ को करचुक्ता प्रमाणपत्र (प्राप्त नभएको भए आ.व.०७२/७३ को) र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल वमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | सूचना नं./ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् परिमाण (घन फिट) | | न्यूनतम अंक ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक ) | न्यूनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७४-७५ | नदीजन्य पदार्थहरु(( ढुङ्गा,गिट्टी,वालुवा,आदी) उत्खनन् संकलन तथा बिक्री वितरण | ढुंगा | १६४२७४२.६० | १,१६,२६,६१७- अक्षरुपी (एक करोड सोह्र लाख छब्बीस हजार छ सय सत्र रुपैयां मात्र ) | कबोल अंकको ५% | रु, ३,०००।- |
| | | | गिट्टी,ग्राभेल | १८७९५०६.७२ | | | |
| | | | वालुवा | २५३६२४४.०० | | | |

## ***शर्तहरु***

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्यवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७३/०७४) को कर चुक्ता प्रमाणपत्र(प्राप्त नभएको भए आ.व २०७२/०७३ को) प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै Electronically बोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइट www.bolpatra.gov.np बाट वोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको वोलपत्र दस्तुर यस कार्यालयको राजश्व उपशाखामा जम्मा गरेको नगदी रसिद वोलपत्र कागजात साथ संलग्न गरी upload गर्नुपर्नेछ । ३० औं दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२.वोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खातामा नं.४०८०३०३००७०१ मा जम्मा गरी सोको सक्कल वा स्थानीय निकाय आर्थिक प्रशासन नियमवली २०६४को नियम १६७ (५) बमोजिम नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वाणिज्य  बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड शिलबन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ

३. खरिद गरेको वोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम वाहिर फर्मको नाम,ठेगाना ,कामको विवरण,ठेक्का विववरण, प्रोप्राईटरको नाम,ठेगाना,फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको अपरान्ह १२ :०० बजे भित्र यस कार्यालयमा Hard  Copy वा Electronic Copy  दर्ता गर्न सकिनेछ ,

४.यस जिल्लाका नदी तथा नदीहरुको उत्खन क्षेत्र र उत्खन परिमाण शन्दर्भमा नदी जन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एंव नेपाल सरकारबाट जारीभएका निदेशनहरु ,सुर्खेत जिल्लाको ढुगां, वालुवा,गिट्टी उत्खन, संकलन सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहने छ ।

५ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको अन्य प्रचलित कानून अनुसार हुनेछ ।

६ तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्ती गरिनेछ ।

७) ठेक्का अवधी सम्झौता भएको दिन देखि २०७५ साल जेष्ठ मसान्तसम्म हुनेछ ।

८) ढुङ्गा,गिट्टी,वालुवा,ग्राभेल उत्खनन् गर्दा पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलको दायां बायां ५०० मिटरभित्र वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा, कूलो ,बांध, सार्वजनिक स्थल आदीबाट निकाल्न पाईने छैन ।

९) ठेक्का कबोल रकम बढीमा २ किस्तामा बुझाउनु पर्ने छ । स्वीकृत रकम बमोजिमको प्रथम किस्ता बुझाई सम्झौता गर्नुपर्नेछ र बांकी अवधिको लागि दोश्रो किस्ताको रकम वापत ठेक्का अवधिको बैंक ग्याण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । दोश्रो किस्ता २०७५ साल बैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ । साथै ठेकेदारले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिईने छ ।

१०) ठेक्का अवधीमा कुनै बन्द हड्ताल,चक्काजाम भएता पनि ठेक्का कबोल गरिसकेपछि ठेक्का रकम मिनाहा गरिने छैन ।

११) विगतमा यस कार्यालयलाई रकम भुक्तानी गर्न वांकी रहेका व्यक्ति वा फर्म वा कम्पनीले बुझाउन बाकी रकम नबुझाएसम्म बोलपत्र खरिद गर्न वा दर्ता गर्न पाईने छैन । त्यस्ता व्यक्ति वा फर्म वा कम्पनीबाट e-Bid भएको खण्डमा उक्त प्रस्ताब मुल्याङ्कनमा समाबेस गरिने छैन ।

१२) ठेकेदारले IEE प्रतिवेदन विपरितका कार्यहरु गर्न पाइने छैन, साथै आफ्नो कार्ययोजना समेत पेश गर्नुपर्ने छ ।

१३) ठेकेदारले प्रचलित नियमानुसार बुझानुपर्ने मूल्य अभिबृद्धि कर (VAT) तथा नेपाल सरकार वा स्थानीय निकायलाइ प्रचलित ऐन अनुसार बुझाउनु पर्ने कर, दस्तुर ,शुल्क आदि सबै ठेकेदार स्वयंले जिसस को कार्यालयमा बुझउनु पर्ने छ र ठेक्का रकम बाट घटाउन पाइने छैन ।

१४) माथि उल्लेखित बोलपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५) म्याद नाघी वा रित नपुगी पेश हुन आएका बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१६) अन्य विस्तृत कुरा बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्न वा यस कार्यालयको website : www.ddcsurkhet .gov.np मा समेत हेर्न सकिने छ ।

..............................

स्थानीय विकास अधिकारी